# धवलागिरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

---

## कार्यपालिकाको बैठको निर्णय सार्वजनिक गरिएको सूचना

(मितिः२०८२/११/१५)

यस धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/११/१३ मा बसैको बैठकले गरेका निर्णय यसै सूचना साथ सार्वजनिक गरिएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरू

१. स्थानिय सरकारको कार्यसम्पादन मुल्याङ्कन सम्बन्धमा।
२. औषधि खरिद सम्बन्धमा।
३. जलजला महोत्सव सम्बन्धमा।
४. विविध।

निर्णयहरू

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगबाट हालै सार्वजनिक भएको स्थानिय सरकारको कार्यसम्पादन मुल्याङ्कनको नतिजामा यस गाउँपालिकाले ५७.४४ अंक प्राप्त गरि गत आ.व.को तुलनामा नतिजामा उल्लेख्य सुधार भएतापनी अझै पनि थप सुधार गर्नुपर्ने देखिएको हुँदा आगामी वर्षमा उत्कृष्ट नतिजा हासिल हुने गरि कार्यसम्पादन गर्न सम्बन्धित पदाधिकारी/कर्मचारीलाई निर्देशन दिने निर्णय गरियो।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. २०८२/८३ मा गाउँपालिका मातहतका स्वास्थ्य संस्थामा आवश्यक पर्ने औषधिको अभाव हुन नदिन संघीय सशर्त अनुदान तथा गाउँपालिकाबाट विनियोजित बजेटबाट औषधि खरिद प्रक्रिया तत्काल अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व. २०८२/८३ स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत जलजला महोत्सवका लागि तिस लाख रुपैया विनियोजन भएको हुँदा उक्त कार्यक्रम कार्यान्विनयका लागि तपशिल बमोजिमको मूल आयोजक समिति तथा महोत्सव व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो। साथै महोत्सव व्यवस्थापन समितिले महोत्स सञ्चालनलाई व्यवस्थित तथा प्रभावकारी रुपमा संचालन गर्नका लागि खर्चको अनुमान सहितको प्रस्तावना तयार गरि २०८२ चैत्र महिनामा बस्ने पहिलो गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो।

**<u>महोत्सव मूल आयोजक समिति</u>**

गाउँपालिका अध्यक्ष- संयोजक
गाउँपालिका उपाध्यक्ष-सदस्य
वडा अध्यक्ष सबै -सदस्य
कार्यपालिका सदस्य सबै- सदस्य
प्रमुख प्रशासकीय अधिकृत- सदस्य-सचिव

**<u>महोत्सव व्यवस्थापन समिति</u>**

गाउँपालिका उपाध्यक्ष — संयोजक

वडा अध्यक्ष (वडा नं. २)- सदस्य

वडा अध्यक्ष (वडा नं. ३)- सदस्य

योजना शाखा प्रमुख- सदस्य सचिव

४. विविध अन्तर्गत देहायबमोजिम हुने गरि निर्णय गरियो।

क. महेन्द्र आ.वि. घेरावार तथा छाना मर्मतको लागि गाउँसभाबाट दश लाख विनियोजन भएको साथै गाउँसभाको प्रमाणित गरिएको निर्णयमा समेत दश लाख नै रहेको तर सुत्र सिस्टममा इन्ट्री गर्ने क्रममा भूलवस सात लाख मात्रै उल्लेख भएको हुदाँ दुई लाख रुपैया निर्मित सार्वजनिक मर्मतसम्भार शिर्षकबाट भुक्तानी दिने गरि नौ लाख रुपैयाको सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

ख. मल्कवाङ खोल्सा ग्याविन जाली निर्माणलागि गाउँसभाबाट तीन लाख विनियोजन भएको साथै गाउँसभाको प्रमाणित गरिएको निर्णयमा समेत तीन लाख नै रहेको तर सुत्र सिस्टममा इन्ट्री गर्ने क्रममा भूलवस दूई लाख मात्रै उल्लेख भएको हुदाँ एक लाख रुपैया निर्मित सार्वजनिक मर्मतसम्भार शिर्षकबाट भुक्तानी दिने गरि नौ लाख रुपैयाको सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

ग. आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि गाउँपालिका अन्तर्गतका सबै जनप्रतिनिधि तथा कर्मचारीहरुले पूर्णरुपमा सहयोग गर्ने निर्णय गरियो।

घ. हिमापातको कारण लुलाङ- गुर्जा सडक अवरुद्ध भएको हुँदा निर्वाचन अगावै उक्त सडक मर्मतसम्भार गरि सुचारु गर्ने तथा सो कार्यको लागि लाग्ने खर्च गाउँ कार्यपालिकाको कार्यालयले उपयुक्त खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।